# देवचुली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## प्रगतिनगर, नवलपरासी (ब.सु.पू.)

**यस कार्यालयबाट आ.व. २०७६/०७७ मा खरिद कार्यमा सहभागी हुन सूचिकृत हुने सूचना**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ अनुसार सार्वजनिक निकायबाट सोही ऐनमा तोकिए बमोजिम हुने खरिद सम्बन्धी कार्यको लागि सम्बन्धित कार्यालयले त्यस्तो खरिदको प्रकृति अनुसार आपूर्तिकर्ता, निर्माण व्यावसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकको छुट्टाछुट्टै सूची तयार गर्नु पर्ने व्यबस्था बमोजिम यस कार्यालयबाट **२०७६/०७७** मा तयार भएको मौजुदा सूची अद्यावधिक गर्ने तथा आ.व. २०७६/०७७ मा मौजुदा सूचीमा दर्ता हुन ईच्छुक योग्य फर्म, संघ/संस्थाहरुलाई सूचिकृत हुन चाहेको समूह समेत स्पष्ट रुपमा खोली यस कार्यालयमा आवेदन गर्नुहुन सूचित गरिएको छ ।

**आवेदनसाथ निम्नानुसारका कागजातका प्रतिलिपीहरु एक एक प्रति संलग्न गरेको हुनुपर्नेछ ।**

क. आफ्नो फर्म दर्ता वा सम्बन्धित व्यवसाय वा सेवा गर्न प्राप्त नविकरण भएको इजाजतपत्र,
ख. मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाण पत्र वा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र,
ग. प्रचलित कानुन बमोजिम नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने अघिल्लो आर्थिक वर्ष २०७४/०७५ सम्मको कर चुक्ता गरेको प्रमाण,

**खरिद सम्बन्धी काम कारवाहीका लागि सूचिकृत हुनुपर्ने समूहहरु :**

- परामर्श सेवा खरिद सम्बन्धी,
- वस्तु तथा सेवा खरिद सम्बन्धी,
- मेसिनरी औजार खरिद सम्बन्धी,

२०७६।३।१६
विष्णु प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत